# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

पत्र संख्याः ०७८/०७९ १ नं. प्रदेश, नेपाल

चलानी नं. 660 मितिः २०७८।०७/०८

पुराना ढुङ्गा लिलाम बिक्री गर्ने सम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७८।७।८)

यस कार्यालयको नयाँ कार्यालय भवन निर्माण गर्ने क्रममा साविकको पुरानो ढुङ्गा भत्काउँदा प्राप्त भएको ढुङ्गा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थाबाटै लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम बढाबढ प्रक्रियाद्वारा उक्त ढुङ्गा खरिद गर्न इच्छुक ब्यक्ति संघ संस्थाहरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही लिलाम बढाबढ प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१.लिलाम बिक्री गरिने सामानको बिवरणः पुरानो भवन भत्काउँदा प्राप्त भएको ढुङ्गा,

२.परिमाणः ७६.५ घन मिटर,

३.लिलाम बिक्री गरिने ढुङ्गाको मूल्यः ७६,५००।- (छ्याहत्तर हजार पाँच सय),

४.लिलाम हुने मिति, समय र स्थानः २०७८।०७।१५ गते बिहान ११.०० बजेदेखि यस कार्यालयको भवन निर्माणस्थल,

५.लिलाम बढाबढ शुरु हुने न्यूनतम मूल्यः ७६,५००।- (छ्याहत्तर हजार पाँच सय),

६.लिलाम बढाबढमा सहभागि हुनेले डाँक बोल्नु अघि नै लिलाम बढाबढ हुने शुरु मूल्यको पाँच प्रतिशतले नगद धरौटी राख्नुपर्ने र डाँक अंक बढदै जाँदा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ ।

७.कार्यालयले लिलाम डाँक स्वीकृत गर्दा सबैभन्दा बढी रकम कबोल गर्ने ब्यक्ति वा संघ संस्थाको लिलाम डाँक स्वीकृत गर्नेछ ।

८.लिलाम डाँक बढाबढको कार्य सम्पन्न भएपछि लिलाम डाँक स्वीकृत भएको ब्यक्ति वा संघ संस्थाको धरौटी बाहेक अन्य सबैको धरौटी रकम सोही दिन फिर्ता दिइनेछ ।

८.लिलाम डाँक स्वीकृत भएको ब्यक्ति वा संघ संस्थाले स्वीकृत मितिले ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकम चुक्ता गरी २१ (एक्काईस) दिनभित्र ढुङ्गा उठाएर लैजानु पर्नेछ ।

९.लिलाम बिक्री गरिने ढुङ्गा हेर्न चाहने ब्यक्ति वा संघ संस्थाले कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी हेर्न सकिने छ ।

१०.यस सम्बन्धमा थप जानकारी लिनुपर्ने भएमा ९८५२८६३१११ मा सम्पर्क गर्न सकिने छ ।

..................................
नइन्द्रराज राई
अधिकृतस्तर सातौं

फोन नं. ०३७-५२०२१३ email:siddhicharanmunicipality@gmail.com website:siddhicharanmun.gov.np